# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम तयार गरी प्रकाशन गरिएको

अवधिः कार्तिक -पौष, २०७९

नेपाल सरकार

खानेपानी मन्त्रालय

## खानेपानी तथा ढल व्यवस्थापन विभाग

पानीपोखरी, काठमाडौं ।

## विषय-सूची


१. विभागको स्वरूप र प्रकृति ....... 1

२. विभागको काम, कर्तव्य र अधिकार ....... 1

३. विभागमा रहने कर्मचारी र कार्यविवरण ....... 2

४. विभागअन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी ....... 3

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ....... 4

६. निर्णय गर्ने प्रकृया र अधिकारी ....... 4

७. सूचना अधिकारीको विवरण ....... 5

८. विभागअन्तर्गत कार्यान्वयन भइरहेका प्रमुख योजना तथा कार्यक्रमहरू ....... 5

९. विभागको खर्चसम्बन्धी विवरण ....... 8

१०. यस अवधिमा विभागबाट सम्पादन भएका मुख्य मुख्य कामहरू ....... 11

११. विभागमा सूचना माग भई परेको निवेदन र सूचना दिइएको विषय ....... 11

## १.विभागको स्वरूप र प्रकृति

खानेपानी तथा ढल व्यवस्थापन विभाग खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्ने अग्रणी सरकारी निकाय हो । यस विभागको स्थापना वि.सं. २०२९ साल मंसिर ४ गते भएको हो । तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधानअनुसार खानेपानी र सरसफाईसम्बन्धी कार्य विभाजन केन्द्र र स्थानीय निकायहरूको साझा कार्यको रूपमा रहेका थिए भने नेपालको वर्तमान संविधानले पनि यसलाई संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीका रूपमा अंगीकार गरेको छ । मुलुकभरका खानेपानी तथा सरसफाइ प्रणालीहरुको योजना तर्जुमा, निर्माण, संचालन तथा मर्मत सम्भार लगायतको जिम्मेवारी यस विभागको रहेको छ । मुलुकमा संघीय शासन सुरु हुनुअघि देशका ७५ वटै जिल्लामा विभागमातहतका डिभिजन र सब-डिभिजनमार्फत् काम हुँदै आइरहेको थियो भने संघीयता पश्चात् देशभरका २० वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूमार्फत् काम हुँदै आइरहेको छ । विभागको नेतृत्व महानिर्देशक (रा.प. प्रथम, स्यानिटरी) बाट हुने गरेको छ ।

## २.विभागको काम, कर्तव्य र अधिकार

यस विभागको कार्यविवरण देहायबमोजिम रहेको छ ।

- माग भई आएका आयोजनाहरूको अध्ययन गरी Feasible योजनाहरू कार्यान्वयनमा लैजाने ।
- खानेपानी तथा सरसफाईसम्बन्धी नीति तर्जुमाको लागि सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाईसम्बन्धी अभिलेख तथा तथ्याङ्कहरूको भण्डारण गर्ने ।
- खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत कर्मचारी, उपभोक्ता संस्थाका पदाधिकारीहरू लगायतको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्ने ।
- बदलिदो परिप्रेक्ष्यअनुसार खानेपानी तथा सरसफाई क्षेत्रमा उपयुक्त प्रविधि विकासका लागि अध्ययन अनुसन्धान गर्ने ।
- सेवा संचालनका लागि उपभोक्ता संस्था तथा स्थानीय निकायहरूलाई आवश्यक सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ कायर्क्रम संचालनको लागि बजेट व्यवस्था, खचर्को अनुगमन तथा नियन्त्रण, बजेट रकमान्तर, बेरुजू फछ्र्यौट लगायतका आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- खानेपानी गुणस्तरसम्बन्धी राष्ट्रिय निर्देशिका तयारी एवं पालना गराउने तथा गुणस्तर सम्बन्धी कायर्क्रम संचालन गर्ने ।
- खानेपानी तथा सरसफाई आयोजनाहरूको एकीकृत database तयार गर्ने NWASH Portal को संचालन गर्ने ।
- समय समयमा तोकिएबमोजिम अन्य कार्यहरू गर्ने ।

# ३.विभागमा रहने कर्मचारी र कार्यविवरण

यस विभागमा रहने कर्मचारी विवरण (संगठन संरचना) देहायबमोजिम रहेको छ । साथै, शाखागत कार्यविवरण यस विभागको website: www.dwssm.gov.np मा हेर्न सकिन्छ ।

**<u>खानेपानी तथा ढल  व्यवस्थापन विभागको स्वीकृत स्थायी दरवन्दी अनुसारको कर्मचारी विवरण</u>**

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | श्रेणी | स्वीकृत पद संख्या | पद पूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **<u>विभाग तर्फ</u>** | | | | | | | | | |
| १ | महानिर्देशक | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम(प्रा.) | १ | १ | | |
| २ | उपमहानिर्देशक | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम(प्रा.) | २ | २ | | |
| ३ | मुख्य प्रशासकीय अधिकृत | प्रशासन | सामान्य प्रशासन | | रा.प.द्वितीय | १ | १ | | |
| ४ | प्रमुख लेखा नियन्त्रक | प्रशासन | लेखा | | रा.प.द्वितीय | १ | १ | | |
| ५ | सिनियर डिभिजनल इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.द्वितीय(प्रा.) | ४ | ४ | | |
| ६ | मेकानिकाल सिनियर डिभिजनल इञ्जिनियर | इञ्जिनियरिङ्ग | मेकानिकल | जनरल मेकानिकल | रा.प.द्वितीय(प्रा.) | १ | १ | | |
| ७ | इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.तृतीय(प्रा.) | १० | १० | | |
| ८ | मेकानिकल इञ्जिनियर | इञ्जिनियरिङ्ग | मेकानिकल | जनरल मेकानिकल | रा.प.तृतीय(प्रा.) | १ | १ | | |
| ९ | कम्प्यूटर इञ्जिनियर | विविध | | | रा.प.तृतीय(प्रा.) | १ | | १ | |
| १० | इलेक्ट्रिकल इञ्जिनियर | इञ्जिनियरिङ्ग | इलेक्ट्रिकल | जनरल इलेक्ट्रिकल | रा.प.तृतीय(प्रा.) | १ | | १ | |
| ११ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | | रा.प.तृतीय | १ | १ | | |
| १२ | लेखा अधिकृत | प्रशासन | लेखा | | रा.प.तृतीय | १ | १ | | |
| १३ | केमिष्ट | इञ्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.तृतीय(प्रा.) | १ | १ | | |
| १४ | माइक्रोबायोलोजिष्ट | स्वास्थ्य | प्याथोलोजी | माइक्रोबायोलोजी | रा.प.तृतीय(प्रा.) | १ | | १ | |
| १५ | हाइड्रोजियोलोजिष्ट | इञ्जिनियरिङ्ग | जियोलोजी | हाइड्रोजियोलोजी | रा.प.तृतीय(प्रा.) | १ | | १ | |
| १६ | सिनियर मेकानिक्स | इञ्जिनियरिङ्ग | मेकानिकल | जनरल मेकानिकल | रा.प.अनं.प्रथम(प्रा.) | १ | १ | | |
| १७ | असिष्टेन्ट केमिष्ट | इञ्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.अनं.प्रथम(प्रा.) | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | नायव सुब्बा | प्रशासन | सामान्य प्रशासन | | रा.प.अनं.प्रथम | ४ | ४ | | |
| १९ | लेखापाल | प्रशासन | लेखा | | रा.प.अनं.प्रथम | १ | | १ | |
| २० | कम्प्यूटर अपरेटर | विविध | | | रा.प.अनं.प्रथम | २ | २ | | |
| २१ | ल्याब असिष्टेन्ट | इञ्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.द्वितीय(प्रा.) | १ | | १ | |
| २२ | भारी सवारी चालक | इञ्जिनियरिङ्ग | मेकानिकल | | श्रेणी विहिन | १ | १ | | |
| २३ | हलुका सवारी चालक | इञ्जिनियरिङ्ग | मेकानिकल | | श्रेणी विहिन | ४ | ४ | | |
| २४ | कार्यालय सहयोगी | | | | श्रेणी विहिन | ६ | ६ | | |
| | | | | | | ४९ | ४३ | ६ | |
| **<u>आयोजना कार्यान्वयन समूह तर्फ</u>** | | | | | | | | | |
| १ | सुपरिटेन्डेन्ट इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम(प्रा.) | १३ | १२ | १ | |
| २ | सिनियर डिभिजनल इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.द्वितीय(प्रा.) | ३९ | ३६ | ३ | |
| ३ | इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.तृतीय(प्रा.) | ७८ | ६२ | १६ | |
| ४ | लेखा अधिकृत | प्रशासन | लेखा | | रा.प.तृतीय | ७ | ५ | २ | |
| ५ | केमिष्ट | इञ्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.तृतीय(प्रा.) | ७ | ५ | २ | |
| ६ | कम्प्यूटर अपरेटर | विविध | | | रा.प.अनं.प्रथम | ७ | ७ | | |
| ७ | नायव सुब्बा | प्रशासन | सामान्य प्रशासन | | रा.प.अनं.प्रथम | ७ | ७ | | |
| ८ | सव-इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.अनं.प्रथम(प्रा.) | २८ | २८ | | |
| ९ | असिष्टेन्ट केमिष्ट | इञ्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.अनं.प्रथम(प्रा.) | ७ | ६ | १ | |
| १० | हलुका सवारी चालक | इञ्जिनियरिङ्ग | मेकानिकल | | श्रेणी विहिन | २१ | २१ | | |
| ११ | कार्यालय सहयोगी | | | | श्रेणी विहिन | २१ | २१ | | |
| | | | | | | २३५ | २१० | २५ | |

## ४.विभागअन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी

| क्र.सं. | महाशाखा /शाखा | जिम्मेवार पदाधिकारी |
|---|---|---|
| १ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | रमाकान्त दुवाडी, महानिर्देशक |
| २ | ढल व्यवस्थापन तथा सरसफाइ महाशाखा | रामकुमार श्रेष्ठ, उप-महानिर्देशक |
| ३ | खानेपानी तथा योजना महाशाखा | माधवप्रसाद अधिकारी, उप-महानिर्देशक |

| | | |
|---|---|---|
| ४ | गुणस्तर सुधार तथा सेवा नियमन शाखा | जगरनाथ दास, सि.डि.ई. |
| ५ | राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र | राजु महत, प्रमुख (सि.डि.ई.) |
| ६ | कर्मचारी प्रशासन शाखा | चेत प्रसाद उप्रेती, मुख्य प्रशासकीय अधिकृत |
| ७ | आर्थिक प्रशासन शाखा | कमल सापकोटा, प्रमुख लेखा नियन्त्रक |
| ८ | इलेक्ट्रोमेकानिकल तथा हाइड्रो जियोलोजिकल शाखा | रिक्त |
| ९ | डिजाइन, अनुसन्धान तथा उपयुक्त प्रविधि शाखा | सुरत कुमार बम, सि.डि.ई. |
| १० | संस्थागत सहयोग तथा सेवा परामर्श इकाई / राष्ट्रिय सूचना व्यवस्थापन आयोजना | डा. रजित ओझा, सि.डि.ई. |
| १० | योजना अनुगमन तथा मूल्याङ्कन शाखा | वीरेन्द्र कँडेल, सि.डि.ई. |
| ११ | ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा | अरूण कुमार कर्ण, सि.डि.ई. |

## ५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दस्तुरः सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएबमोजिम ।

अवधिः सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएबमोजिम ।

## ६.निर्णय गर्ने प्रकृया र अधिकारी

**निर्णय प्रकृया सम्बन्धमा**

- प्रचलित कानुनले तोकेको प्रकृयाबमोजिम ।

**निर्णय गर्ने अधिकारी**

- खानेपानी मन्त्रालयको माननीय मन्त्रीस्तरबाट ।
- खानेपानी मन्त्रालयको सचिवबाट ।
- खानेपानी तथा ढल व्यवस्थापन विभागको महानिर्देशकबाट ।
- खानेपानी तथा ढल व्यवस्थापन विभागको उप-महानिर्देशकबाट ।
- नीतिगत विषयमा मन्त्रिपरिषदबाट ।

## ७. सूचना अधिकारीको विवरण

यस विभागको योजना, अनुगमन तथा मूल्याङ्कन शाखाका प्रमुखलाई सूचना अधिकारी तोक्ने व्यवस्था हुँदै आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा निवेदन दिई यस शाखामार्फत् आफूलाई आवश्यक परेको सूचना कानुनबमोजिम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

**<u>सूचना अधिकारीको विवरण</u>**

| | |
|---|---|
| नाम | वीरेन्द्र कँडेल |
| पद | सिनियर डिभिजनल इन्जिनियर |
| शाखा | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा |
| फोन नं. | ०१-४००६६५१ |
| मोबाइल नं. | ९८५११८६०४७ |
| e-mail | dwssplanning@gmail.com |
| website | www.dwssm.gov.np |

## ८. विभागअन्तर्गत कार्यान्वयन भइरहेका प्रमुख योजना तथा कार्यक्रमहरू

यस विभागअन्तर्गत देहायका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन हुँदै आइरहेका छन् । उक्त आयोजनाहरूसंग सम्बन्धित कुनै सूचना आवश्यक परेमा सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयमा सम्पर्क गरेर सूचना माग गर्न सकिनेछ ।

| क्र.सं. | आयोजना | आयोजना कार्यालय रहेको स्थान | संक्षिप्त जानकारी |
|---|---|---|---|
| १ | शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | प्रथम, दोस्रो र तेस्रो चरणका आयोजनाहरूको सफलतापश्चात् आयोजना संचालन तथा यसको दीगोपनाका लागि केही पाठहरू सिकी २० वटा सहरहरूमा सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना (२०१९-२०२४) संचालन गरिएको छ । यो आयोजनाले करिब ३ लाख २० हजार सहरी जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा करिब ६४ हजार जनसंख्यालाई सुधारिएको सरसफाई सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ |

| | | | |
|---|---|---|---|
| | | | । सहरी आयोजनाहरूको निर्माणको लागि उपभोक्ता संस्थाले निर्माण लागतको ३०% सम्म सहलगानी गर्ने व्यवस्था रहेको छ । सोमध्ये ५% रकम उपभोक्ता संस्थाले आयोजना संचालनको प्रतिबद्धतास्वरूप अग्रीम नगद जम्मा गर्नुपर्ने र बाँकी २५% उपभोक्ता संस्थालाई नगर विकास कोषले ऋण प्रबाह गर्ने व्यवस्था रहेको छ । आयोजनाको ७०% लागत भने नेपाल सरकारले एशियाली विकास बैंकको ऋण सहयोगमार्फत् उपलब्ध गराउने व्यवस्था रहेको छ । |
| २ | सहलगानी खानेपानी तथा सरसफाई आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | खानेपानी तथा सरसफाइको सेवा क्षेत्र तथा सेवास्तर वृद्धिको कार्यलाई व्यापकता दिई राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसारको छिटो छरितो एवं दीगो सेवा सुनिश्चित गर्न सरकार, स्थानीय निकाय र उपभोक्ता समुदायको संस्थागत सहलगानीमा आधारित सहलगानी खानेपानी तथा सरसफाई आयोजना संचालनमा रहेको छ । यस कार्यक्रमअन्तर्गत मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र वा सेवा विस्तार वृद्धि वा क्रमागत वा नयाँ आयोजनाको निर्माण कार्यमा उपभोक्ता संस्थाले कुल लागतको ३०% र नेपाल सरकारले ७०% पूँजीगत लगानी गर्ने व्यवस्था रहेको छ । उपभोक्ता संस्थाले लगानी गर्ने ३०% मध्ये कम्तीमा पनि १०% लगानी नगदमै र बाँकी लगानी श्रम वा नगदमा गर्न सकिने व्यवस्था रहेको छ । तर मानव विकास सूचकाङ्क न्यून रहेका २४ जिल्लाहरूको हकमा भने उपभोक्ता संस्थाले कुल लागतको कम्तीमा २५% र नेपाल सरकारले ७५% पूँजीगत लगानी गर्ने व्यवस्था रहेको छ । नेपालको ग्रामीण र अर्ध सरकारी क्षेत्रमा जहाँ उपभोक्ता संस्थाले ३०% योगदान जुटाउन नसक्ने, साविक सुख्खा क्षेत्र खानेपानी आयोजनाको कार्यक्षेत्रमा नपर्ने स्थानमा मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुर्याउने उदेश्यले आ.व. ०७७/७८ |

| | | | |
|---|---|---|---|
| | | | बाट नयाँ आयोजनाको रूपमा यो आयोजना संचालन गरिएको छ । |
| ३ | केन्द्रीय खानेपानी आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | नेपालको ग्रामीण र अर्ध सरकारी क्षेत्रमा जहाँ उपभोक्ता संस्थाले ३०% योगदान जुटाउन नसक्ने, साविक सुख्खा क्षेत्र खानेपानी आयोजनाको कार्यक्षेत्रमा नपर्ने स्थानमा मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुर्याउने उदेश्यले आ.व. ०७७/७८ बाट नयाँ आयोजनाको रूपमा यो आयोजना संचालन गरिएको छ । |
| ४ | एकीकृत खानेपानी तथा सरसफाई आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | देशका ठूला १२ वटा नगरपालिकाहरू (धरान, बिराटनगर, जनकपुर, वीरगञ्ज, भरतपुर, हेटौंडा, पोखरा, बुटवल, लुम्बिनी — सांस्कृतिक, नेपालगञ्ज, धनगढी र भीमदत्त) मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापनको कार्यक्रम लागू गर्ने उदेश्यले आ.व. २०७७/७८ बाट यो आयोजना सुरु भएको हो । |
| ५ | जलवायु अनुकुलित बृहत् खानेपानी आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | नेपालको सुख्खा क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका अति विकट भौगोलिक बनावट भएका स्थानहरुमा छरिएर रहेका समुदाय/बस्तीहरुलाई सर्वसुलभ तरिकाले मध्यम वा उच्च स्तरको खानेपानी सेवा पुर्याउने उद्देश्यले जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरुलाई उपयोग गरि दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाइमा पहुँचको संवैधानिक हक सुनिश्चित गर्न जलवायु अनुकूलित बृहत खानेपानी आयोजना संचालन गरिएको छ। यस आयोजनाअन्तर्गत मल्टिस्टेज बृहत् खानेपानी आयोजनाहरू, खानेपानी आयोजनाहरूमा सोलार जडान गर्ने कार्य र जलाशययुक्त खानेपानी आयोजनाहरूको निर्माण तथा अध्ययन कार्य भइरहेको छ । |
| ६ | कोभिड — १९ रेस्पोन्स आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | खानेपानी, सरसफाई तथा स्वच्छताको माध्यमबाट सन् २०१९ डिसेम्बरबाट विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहहरूलाई टेवा |

| | | | |
|---|---|---|---|
| | | | पुर्याउने उदेश्यले Japan Fund for Prosperous and Resilient Asia and Pacific Grant को ५ मिलियन अमेरिकी डलरको अनुदान सहयोग (Asian Development Bank मार्फत्)मा यो कार्यक्रम सुरु भएको हो । |
| ७ | दीगो सरसफाई आयोजना | सुर्खेत (विभागमा सम्पर्क इकाई मात्र रहेको) | कर्णाली प्रदेशका ३० वटा स्थानीय तहमा खानेपानी तथा सरसफाईको दीगो व्यवस्थापन, बनेका खानेपानी संरचनाहरूको पुनर्स्थापना, खानेपानी पहुँच नपुगेको समुदायमा खानेपानीको पहुँच पुर्याउने तथा खानेपानी तथा सरसफाईको क्षेत्रमा स्थानीय तहको क्षमता अभिबृद्धि गर्ने उदेश्यले फिनल्याण्ड सरकारको अनुदान सहयोगमा आ.व. २०७८/७९ बाट यो कार्यक्रम सुरु गरिएको हो । |
| ८ | खानेपानी सुशासन तथा पुर्वाधार प्रवर्धन कार्यक्रम | खानेपानी तथा ढल व्यवस्थापन विभाग | विश्व बैंकको ऋण सहयोग तथा प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कर्णाली र सुदूर पश्चिम प्रदेशका छनोट भएका छ वटा पालिकाहरु (सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका, सल्यान जिल्लाको शारदा नगरपालिका, डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका तथा कैलाली जिल्लाका बर्दगोरिया, जोशीपुर एवं जानकरी गाउँपालिका) मा दीगो तथा सुधारिएको खानेपानी आपूर्ति र सरसफाइ सेवा उपलब्ध गराउने एवं सेवा प्रवाहको स्थानीय क्षमतामा अभिवृद्धि गर्ने लक्ष्यका साथ यो कार्यक्रम आ.व. २०७८/७९ सुरु गरिएको हो । |

## ९.विभागको खर्चसम्बन्धी विवरण

आ.व. २०७९।८० को दोस्रो त्रैमासिक अवधि (कार्तिक-पौष) मा यस विभाग र विभागमातहतका आयोजना/कार्यक्रमहरूमा भएको खर्चको विवरण देहायबमोजिम राखिएको छ ।

(श्रोतः Line Ministry Budget Information System)

| आर्थिक वर्ष २०७९/८० | | | | | | (महिना देखि : श्रावण महिना सम्म : पौष) | | | (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१३०१०११ | खानेपानी विभाग | ७०२०० | १३४००० | २०४२०० | २८६८६ | १०२३० | ३८९१६ | ४०.८६ | ७.६३ | १९.०६ |
| २ | ३१३०१०१२ | जनसाधन विकास कार्यक्रम | ३४४०० | १०७०० | ४५१०० | ८४८२ | ० | ८४८२ | २४.६६ | ० | १८.८१ |
| ३ | ३१३०१०१३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु | २७५१०० | ३२००० | ३०७१०० | ११६५६८ | ८५६६ | १२५१३४ | ४२.३७ | २६.७७ | ४०.७५ |
| ४ | ३१३०११०१ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ८९१०० | ६००० | ९५१०० | १६८७ | ० | १६८७ | १.८९ | ० | १.७७ |
| ५ | ३१३०११०२ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३१०० | २२६२७७१ | २२६५८७१ | ६१ | ४९९८८ | ५००४८ | १.९६ | २.२१ | २.२१ |
| ६ | ३१३०११०३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १५२०० | ६६४३०० | ६७९५०० | ४२५७ | ८३१३८ | ८७३९४ | २८.०१ | १२.५२ | १२.८६ |
| ७ | ३१३०११०५ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३९७४४ | ३१९६१०० | ३२३५८४४ | १८७९२ | ७४४४६५ | ७६३२५७ | ४७.२८ | २३.२९ | २३.५९ |
| ८ | ३१३०११०६ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २०००० | २४२४२०० | २४४४२०० | ५६७१ | २५४२८८ | २५९९५९ | २८.३६ | १०.४९ | १०.६४ |
| ९ | ३१३०११०७ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | ४१००० | २११८८०० | २१५९८०० | १९१४५ | ४२९४५७ | ४४८६०२ | ४६.६९ | २०.२७ | २०.७७ |
| १० | ३१३०११०८ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १४५२०० | ४०००७०० | ४१४५९०० | ४६१२५ | ८३००६१ | ८७६१८५ | ३१.७७ | २०.७५ | २१.१३ |
| ११ | ३१३०१११३ | केन्द्रिय खानेपानी आयोजना | १२१५६ | २८०४७०० | २८१६८५६ | ३४२८ | ७५४२७५ | ७५७७०३ | २८.२ | २६.८९ | २६.९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ३१३०१११४ | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ८६०० | ३००००० | ३०८६०० | २८७७ | ४४०९९ | ४६९७६ | ३३.४५ | १४.७ | १५.२२ |
| १३ | ३१३०१११५ | कोभिड-१९ रेस्पोन्स आयोजना | ७२०० | २५०००० | २५७२०० | १४०७ | ६९७७५ | ७११८१ | १९.५४ | २७.९१ | २७.६८ |
| १४ | ३१३०१११६ | दिगो सरसफाइ आयोजना | ० | ३००००० | ३००००० | ० | १२१३ | १२१३ | | ०.४ | ०.४ |
| १५ | ३१३०१११७ | खानेपानी सुशासन तथा पुर्वाधार प्रवर्धन कार्यक्रम | ३००० | ३९६८०० | ३९९८०० | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | | | **७६४०००** | **१८९०१०७१** | **१९६६५०७१** | **२५७१८६** | **३२७९५५५** | **३५३६७३७** | **३३.६६** | **१७.३५** | **१७.९८** |

## १०. यस अवधिमा विभागबाट सम्पादन भएका मुख्य मुख्य कामहरू

- सहलगानी खानेपानी तथा सरसफाई आयोजनाअन्तर्गत दुईवटा खानेपानी आयोजनाहरूको निर्माण कार्यको खरिद सम्झौता भएको।
- जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाअन्तर्गत दुईवटा खानेपानी आयोजनाहरूको बोलपत्र आह्वान भएको ।
- शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजनाअन्तर्गत सुर्खेतको सुभाघाट खानेपानी आयोजनाको पहिलो चरणको काम सकिएर O & M phase मा गएको ।
- करिब ३२ हजार नयाँ घरधुरीहरूको निजी धाराको नक्साङ्कन भई विभागको online portal www.nwash.mows.gov.np मा समेत प्रविष्ट भएको ।

## ११. विभागमा सूचना माग भई परेको निवेदन र सूचना दिइएको विषय

- कुनै निवेदन नपरेको ।
- फोनबाट सूचना माग हुने गरेको र फोनबाटै सूचना दिने गरिएको ।